बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय रसुवा
धुन्चे, रसुवा, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः

मितिः २०८२/०९/०९

विषयः- वन पैदावारमा आधारित उद्यम संचालनको लागि प्रस्तावना पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/०९ गते

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व.२०८२/०८३ को स्वीकृत राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम (व.उ.शि.नं. ३२९००१०२) तर्फको क्रि.नं.११.४.१७.४५५६, **वन उद्यम संचालन/प्रोत्साहन तथा प्रविधि सहयोग गरी रोजगारी अभिवृद्धि कार्यक्रम** अन्तर्गत वन पैदावारमा आधारित उद्यम स्थापना र संचालन गर्न चाहने वन उपभोक्ता समूहहरु/सहकारी/निजी कृषकहरुको समूह/निजी उद्यमी (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) हरुबाट लागत साझेदारीमा उद्यम स्थापना र संचालनको लागि व्यवसायिक योजना सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तपसिलमा उल्लखित कागजातहरू संलग्न राखी प्रस्तावना पेश गर्नुहुन यो प्रकाशित गरिएकोछ। रित नपगेको तथा म्याद नाघि पेश हुन आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपसिल

**१. यस अन्तरगत गर्न सकिने वन पैदावारमा आधारित उद्यमहरुः**

- काष्ठकला/ बाँस, निगालोमा आधारित उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण
- फर्निचर/ समिल आदि स्थापना तथा सुदृढीकरण
- धसिङ्ग्रेको पातबाट तेल उत्पादन गर्ने उद्योग स्थापना र प्रवर्दन
- तितेपाती प्रशोधन गरी तेल तथा अन्य वस्तु उत्पादन गर्ने उद्योग स्थापना र संचालन
- सिस्नुको पात प्रशोधन गरी पाउडर उत्पादन गर्ने उद्योग स्थापना र संचालन वनक्षेत्रवाट पात संकलन गरि कम्पोष्ट मल तयार गर्ने उद्योगको स्थापना तथा प्रवर्द्धन
- अगरवत्ती, सिन्की धुप, गोलचार उत्पादनका लागि उद्यम स्थापना, प्रविधी हस्तान्तरण तथा अन्य पूर्वाधार निर्माण
- हर्वल उद्योग स्थापना तथा प्रविधि हस्तान्तरण
- वन पैदावरमा आधारित अन्य उद्यम स्थापना तथा सुदृढिकरण

**२. निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः**

- उद्यम स्थापना र संचालन सम्वन्धी व्यवसायिक योजना
- समूह, सहकारी, वन पैदावारमा आधारित उद्यम दर्ता/नविकरण र कर चुक्ताको प्रमाणपत्रको छाँयाकपी ।
- सामुदायिक वनको हकमा साधारण सभाको निर्णय
- सामुदायिक वनको हकमा लेखा परीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन
- स्थानीय तहको सिफारिस पत्र
- स्थायी लेखा नं. (PAN) दर्ताको प्रमाणपत्र र बैंक खाता संचालन भएको हुनु पर्ने।
- उद्योग दिगो हुने सुनिश्चितताको लागि स्वघोषणा पत्र

३. प्रस्तावना पेश गर्दा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
४. प्रस्तावना पेश गर्नुपर्ने अन्तिम मिति र समयः २०८२/१०/०८ गते कार्यालय समय भित्र ।
५. प्रस्तावना पेश गर्ने निकाय/स्थानः डिभिजन वन कार्यालय रसुवा, धुन्चे

थप जनकारीको लागि डिभिजन वन कार्यालय रसुवा, धुन्चे र अन्तर्गतका बेत्रावती सब डिभिजन वन कार्यालय, डाँडागाउँ र थाम्बुचेत सब डिभिजन वन कार्यालय, थाम्बुचेतमा सम्पर्क गर्नु हुन अनुरोध छ।

सम्पर्क नं.: ०१०-५४०१०७, मोबाइल नं. ९८५१४१००१५, ९८५१४१००१६ र ९८५१४१००१७

कार्यालयको वेवसाइट https://www.dforasuwa.gov.np